
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३१५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर २८ गते बुधबार ❑ 14 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## समन्वय, सहकार्यबाटै सङ्घीयता मजबुत : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ मंसिर**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले समन्वय, सहकार्यबाट नै संघीयता मजबुद हुने विश्वास व्यक्त गर्नुभएको छ।

आन्तरिक मामिला मन्त्रालय गण्डकी प्रदेशद्वारा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता, स्थानीय तथा आमनिर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेवापत प्रदेश र जिल्लास्तरीय सुरक्षा प्रमुखहरूको सम्मानमा आयोजित कार्यक्रममा उहाँले स्थानीय र संघीय र प्रदेशस्तरका चुनाव एकै चरणमा सम्पन्न गरेर नेपालले उदाहरण पेस गरेको बताउनुभयो।

सुरक्षा निकायको प्रशंसा गर्दै मुख्यमन्त्री पोखरेलले नवौं राष्ट्रिय खेलकुद गराउने जिम्मा पोखराले पाएको र त्यसलाई पनि सफलतापूर्वक सम्पन्न गर्न प्रदेश सरकार र जिल्लाले महत्वपूर्ण भूमिका निर्वाह गरेको दाबी गर्नुभयो। नागरिकस्तरबाट भएका आन्दोलनबाट प्राप्त व्यवस्थालाई सुदृढ बनाउने जिम्मा कर्मचारीतन्त्र र सुरक्षा निकायको रहेको बताउँदै उहाँले प्राप्त जिम्मेवारी उत्कृष्टरुपमा कार्यसम्पादन गरेको भन्दै प्रशंसा गर्नुभयो । संघीयता प्राप्तिपछि नागरिकले अभिमतमार्फत सरकार निर्माणका लागि प्रयोग गरेको यो दोस्रो अवसर हो भन्दै उहाँले लोकतन्त्रको सबैभन्दा राम्रो पक्ष नै आवधिक निर्वाचन रहेको उल्लेख गर्नुभयो । सो अवसरमा मुख्यमन्त्रीले नेपाली सेनाको पश्चिम पृतनापति, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रदेश प्रमुखलाई सम्मान गर्नुभयो । त्यस्तै ११ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुखलाई कदरपत्र प्रदान गरिएको थियो । प्रदेश भित्रका सुरक्षा निकायका अन्य कार्यालयका प्रमुखलाई पनि कदरपत्र प्रदान गरिएको आन्तरिक मामिला मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले जानकारी दिनुभयो।

कार्यक्रममा पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेल र भूमि व्यवस्था कृषि, सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढाले नागरिकको मतदान गर्ने अधिकार प्रयोग गर्न सुरक्षा निकायले सहज वातावरण मिलाएको भन्दै प्रशंसा गर्नुभयो। आन्तरिक मामिलामन्त्री डोवाटे विश्वकर्माले सीमित स्रोत साधनका बीच पनि सुरक्षा निकायले प्रभावकारी कार्यसम्पादन गरेको बताउनुभयो। प्रदेशसँग समन्वय गरी तीन ठूला राष्ट्रिय महाअभियान सम्पन्न गरेकामा प्रदेश सरकारले सम्मानस्वरुप कदरपत्र प्रदान गरेको उहाँले बताउनुभयो।

प्रदेश प्रमुख सचिव रवीलाल पन्थले चाडबाडमा समेत बिदा नलिइकन निरन्तर सेवामा खटिएर सुरक्षा निकायले जिम्मेवारी निर्वाह गरेको बताउनुभयो । कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले प्रदेश सरकारबाट आवश्यक निर्देशन, सल्लाह, सुझाव प्राप्त भएअनुसार कार्यसम्पादन गर्दै आएको बताउनुभयो।

## काभ्रेको बेथानचोकमा बस दुर्घटना, १८ जनाको मृत्यु

**रासस**
**काठमाडौं, २७ मंसिर**

काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका-४ चलाल गणेस्थानमा मंगलबार साँझ ६ बजे बस दुर्घटना हुँदा मृत्यु हुनेको सङ्ख्या १८ पुगेको छ। बा ३ ख ४३८५ बस दुर्घटना हुँदा २१ घाइते भएका छन्।

गाउँपालिकाका अध्यक्ष भगवान् अधिकारीका अनुसार हालसम्म मृतकको सङ्ख्या १८ पुगेको छ । बसमा ३९ सवार थिए । मृतकमध्ये १३ जनाको दुर्घटनास्थल तथा अन्य पाँचको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको हो । बनेपा नगरपालिका-११ बाट ब्रतबन्धका लागि बेथानचोक गाउँपालिका-५ स्थित च्याल्टी पुगेर फर्किँदै गरेको रिजर्भ बस दुर्घटना भएको अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार घाइते सबैलाई उपचारार्थ भर्खरै बनेपास्थित शिर मेमोरियल र धुलिखेल अस्पताल पुऱ्याइएको छ । अस्पताल दुर्घटनास्थलमा नेपाल प्रहरी र नेपाली सेनाको टोलीले डोजर प्रयोग गरी उद्धार कार्य गरिएको थियो । अझै मृतकको पहिचान हुन सकेको छैन। गम्भीर प्रकृतिको घाइते भएकाले तत्काल रेफरको तयारी भइरहेको जनाइएको छ । प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै अध्यक्ष अधिकारीले बस तीव्र गतिमा रहेको थियो । बस मोडको भित्तामा ठोक्किएपछि सडकबाट केही तल खसेर दुर्घटना ग्रस्त भएको थियो । दुर्घटनामा मृत्यु भएकाको शव धुलिखेल अस्पतालमा लगिँदैछ। यसैबीच गृहमन्त्री बालकृष्ण खाणले काभ्रेपलाञ्चोकको बेथानचोकमा चलालगणेशस्थानमा आज साँझ भएको दुर्घटनाका घाइतेलाई तत्काल उद्धार गरी उपचारका लागि अस्पतालसम्म पुऱ्याउने व्यवस्था गर्न गृह प्रशासन, काभ्रेका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे र जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक चक्रराज जोशीलाई निर्देशन दिनुभएको छ । गृहमन्त्री खाणले गृहसचिव विनोदप्रकाश सिंहलाई उपचारका दुर्घटनाका घाइतेको उपचारका लागि जिल्लाको स्रोत र साधनले नपुग्ने भए मन्त्रालयबाट तत्काल व्यवस्था गर्न निर्देशन दिनुभएको हो । प्रजिअ पाण्डेलाई थप स्रोतसाधन आवश्यक पर्ने भने मन्त्रालयमा लेखी पठाउन निर्देशनसमेत दिइएको छ।

## स्वास्थ्य सेवा सर्वसुलभ तथा गुणस्तरीय हुनुपर्छ : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, २७ मंसिर**

प्रधानमन्त्री शेरबहादुर देउवाले सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा विकासको मेरुदण्ड भएको बताउनुभएको छ। उहाँले स्वास्थ्य सेवालाई समयको गतिसँगै थप चुस्त, सहज र सर्वसुलभ बनाउँदै अघि बढ्नुपर्ने खाँचो औँल्याउनुभएको छ।

स्वस्थ, तन्दुरुस्त र निरोगी नागरिकहरूबाट नै मुलुकको आर्थिक सामाजिक विकास सम्भव हुने बताउँदै प्रधानमन्त्री देउवाले स्वास्थ्य र शिक्षा मानव अधिकारसँग पनि जोडिएको विषय भएको हुँदा यस क्षेत्रको विकासलाई सरकारले विशेष प्राथमिकतामा राखेर कार्य गर्दै आएको अवगत गराउनुभयो । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको एघारौँ सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले भन्नुभयो, 'नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा व्यवस्था गरी आधारभूत स्वास्थ्य सेवा सबैलाई निःशुल्क र आकस्मिक सेवा सहज रूपमा उपलब्ध गराउने कुराको प्रत्याभूति गरेको छ । यस पृष्ठभूमिमा सम्पूर्ण नेपाली नागरिकहरूलाई गुणस्तरीय आधारभूत र आकस्मिक सुविधाहरू सहज र सुलभ रूपमा उपलब्ध गराउन सबै स्वास्थ्य प्रतिष्ठानहरू प्रतिबद्ध र क्रियाशील हुनुपर्दछ । साथै, स्वास्थ्य क्षेत्रमा विशिष्टीकृत सेवाहरू उपलब्ध गराउन समेत ध्यान दिन आवश्यक छ।'

यस प्रतिष्ठानका उपकुलपतिले पेश गर्नुभएको कार्य प्रगति सुन्दा छोटो अवधिमै प्रतिष्ठानले उल्लेखनीय प्रगति हासिल गर्न सकेको उल्लेख गर्दै उहाँले काठमाण्डौं उपत्यकाभित्र मात्र सीमित नरही प्रतिष्ठानले बर्दियाको राजापुरबाट स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षा प्रवाह गर्ने कार्यको थालनी गर्न लागेकोमा प्रतिष्ठानलाई धन्यवाद दिनुभयो । प्रधानमन्त्री देउवाले प्रतिष्ठानले आफ्नो अस्पतालहरूमा समयानुकूल विभिन्न सेवा र प्रविधिहरू थप गरी स्वास्थ्य सेवालाई नागरिकको माग र आवश्यकताअनुसार विस्तार गर्दै लगेकोमा खुसी व्यक्त गर्दै कोभिड १९ र डेङ्गुबाट संक्रमितहरूको परीक्षण र उपचारमा प्रतिष्ठानले पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो । 'यो प्रतिष्ठानले आम जनसमुदायलाई पुऱ्याउँदै आएको स्वास्थ्य सेवालाई आगामी दिनमा थप गुणस्तरीय, चुस्त र सेवाग्राहीमैत्री बनाई अस्पतालको सेवामा बढी भन्दा बढी जनताको पहुँच विस्तार गर्दै जान जरूरी छ।

साथै, स्वास्थ्य विज्ञानको क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको अध्ययन, अनुसन्धानलाई प्रवर्द्धन गरी मुलुकको लागि आवश्यक दक्ष र गुणस्तरीय स्वास्थ्य जनशक्ति उत्पादनमा प्रतिष्ठानले जोड दिनेछ भन्ने विश्वास लिएको छु', उहाँले भन्नुभयो । मुलुकमा स्वास्थ्य प्रतिष्ठानहरूको संख्यामा संख्यात्मक वृद्धिसँगसँगै तिनको अध्ययन, अध्यापन र स्वास्थ्य सेवा प्रवाहलाई चुस्त र गुणस्तरीय बनाउने कार्य चुनौतीपूर्ण रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले यस क्रममा सम्बन्धित स्वास्थ्य प्रतिष्ठानहरूले आफ्नो गुणस्तरमा कुनै सम्झौता नगरी गुणस्तरीय अध्ययन अनुसन्धान र स्वास्थ्य सेवा प्रवाहमा निरन्तर ध्यान दिन आवश्यक रहेकामा जोड दिनुभयो । प्रतिष्ठानका कुलपति रहनुभएका प्रधानमन्त्री देउवाले स्वास्थ्य क्षेत्र गतिशील क्षेत्र भएको र यस क्षेत्रमा हरेक दिन नयाँनयाँ अनुसन्धानहरू भई नयाँनयाँ उपचार पद्धति, प्रविधि र औषधिहरूको आविष्कार भइरहेको बताउँदै त्यसलाई स्वास्थ्य प्रणालीभित्र समायोजन र अनुकूलन गर्दै अघि बढ्नुपर्ने खाँचो औँल्याउनुभयो । यसका लागि प्रतिष्ठानले एकातिर थप पूर्वाधारहरूको विकास गर्दै जान र अर्कोतर्फ नयाँ प्रविधि र पद्धतिलाई क्रमशः आत्मसात् गर्दै जान आवश्यक रहेको उहाँको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रिय शक्ति निर्माण हुन नपाओस् भन्ने विदेशी शक्तिको चाहना

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ मंसिर**

नेकपा एमाले महासचिव शंकर पोखरेलले नेपालमा बलियो राष्ट्रिय शक्ति निर्माण हुन नपाओस् भन्ने विदेशी शक्तिको चाहना यसपटकको निर्वाचनमा एकहदसम्म पूरा भएको वताउनुभएको छ।

नेकपा (एमाले) निर्वाचन परिचालन कमिटी कास्कीद्वारा मंगलबार आयोजित बधाईं तथा धन्यवाद कार्यक्रममा महासचिव पोखरेलले उक्त विचार व्यक्त गर्नुभएको हो । विश्व राजनीतिको उथलपुथलको प्रभाव नेपालको आम निर्वाचनमा परेको बताउँदै उहाँले विदेशी शक्ति राष्ट्रिय पार्टीबाट शहरिया मध्यमवर्गलाई टाढा राख्न अहिलेको चुनावमार्फत सफल भएको विचार व्यक्त गर्नुभयो। महासचिव पोखरेलले भन्नुभयो- यही मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा शहरिया मध्यम वर्गमा भएको छिटो छिटो परिवर्तन खोज्ने प्रवृत्तिलाई वैकल्पिक शक्तिका नाममा राष्ट्रिय पार्टीबाट अलग गराइयो । मधेशमा परम्परागत क्षेत्रीय शक्ति कमजोर हुँदा राष्ट्रिय पार्टीतर्फ आउने जनमतलाई मधेशकै नयाँ क्षेत्रीय पार्टीतर्फ नियोजित रूपमा 'डाइभर्ट' गर्ने काम भएको उहाँको भनाई थियो । एमालेलाई देशको बलियो राष्ट्रिय शक्ति बनाउने चाहना यो निर्वाचनबाट पूरा नभएको बताउँदै महासचिव पोखरेलले हामीले क्रमशः दलको संख्या घटाउने भनेका थियौं तर राष्ट्रिय दलको संख्या बढ्न पुग्यो भन्नुभयो।

महासचिव पोखरेलले भन्नुभयो- नेपालमा बलियो राष्ट्रिय शक्ति बन्न नदिने कुरा बाह्य स्वार्थसँग पनि जोडिएको छ । खासगरी दुई वटा प्रवृत्ति राष्ट्रिय शक्ति बलियो हुन नदिने प्रवृत्तिका रूपमा देखापरेका छन् । परम्परावादी शक्तिका रूपमा राष्ट्रिय प्रजातन्त्र पार्टीलाई अघि सार्ने प्रयास भयो। उसले धर्म राजनीतिको माध्यमबाट शहरिया मध्यम वर्गमा आफ्नो प्रभाव विस्तार गर्न कोशिश

बाँकी अन्तिम पृष्ठमा ▶▶




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## नारायणगढ-मुग्लिन सडकमा दैनिक चार घण्टा सवारी रोकिन

**रासस**
**चितवन, २७ मंसिर**

नारायणगढ मुग्लिन सडक खण्डमा दैनिक चार घण्टा सवारी आवागमन रोकिने भएको छ । सडक खण्डमा पर्ने पुल निर्माणका लागि सवारी रोक्न लागिएको हो।

जिल्ला प्रशासन कार्यालय चितवनमा मंगलबार सम्पन्न सरोकारवालाको बैठकले पुस ५ गतेदेखि एक महिनाका लागि सडक रोकेर काम गर्ने निर्णय गरिएको छ । सडक बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म रोकिने छ । भौगोलिक रूपमा कठिन ठाउँमा रहेका सिमलताल, कालीखोला, तुईन खोला र चिसेन्जी खोला पुल निर्माणका लागि पहाड काट्ने लगायतका कामको लागि सवारी आवागमन रोक्न लागिएको हो।

प्रमुख जिल्ला अधिकारी अश्मान तामाङको अध्यक्षतामा भएको बैठकले नारायणगढतर्फबाट जाने यात्रुबाहक बस, मिनि, माइक्रो बस, साना सवारी साधनलाई पन्ध्रकिलो बजारदेखि जुगेडीसम्म बिहान ११ बजे रोक्ने निर्णय गरेको छ। यस्तै मालबाहक ट्रक, लरी, ट्रेलर, ट्रिपर, ट्याङ्कर लगायतका भारी सवारी साधनलाई भतेरी जङ्गलदेखि रामनगरसम्म बिहान १०:५० बजेदेखि रोकिने छ।

काठमाडौं तर्फबाट आउने यात्रुबाहक सवारीलाई मुग्लिन बजारदेखि मनकामना केवलकार गेटसम्म र पोखरातर्फबाट आउने यात्रुबाहक सवारीसाधनलाई बेनीटारदेखि पावरहाउससम्म बिहान १०:५५ बजे रोकिने भएको छ।

यस्तै, काठमाडौंतर्फबाट आउने मालबाहक सवारीलाई लेबाटारमा र पोखरातर्फबाट आउनेलाई मालबाहक सवारीलाई आँबुखैरहनीमा बिहान १०:४५ बजे रोक्ने बैठकले निर्णय गरेको छ। बैठकले बिहान ११ बजेदेखि ३ बजेसम्मको समयमा एम्बुलेन्स, दमकललगायतकाअत्यावश्यकीय सवारीलाई अनुकूलता हेरी छोड्ने निर्णय गरेको छ। यस्तै, पोखरा-काठमाडौं सञ्चालन हुने सवारी सहज सञ्चालनका लागि ट्राफिक कार्यालयले समन्वय गर्ने भएको छ।

निर्माण कार्यलाई तीव्रता दिन निर्माण व्यवसायीले पर्याप्त साधनस्रोत र जनशक्ति परिचालन गर्ने छन् भने सडक खण्डको ठाउँठाउँमा मर्मतको कार्य पनि यसै समयमा गरिने भएको छ।

# चौथो राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता जारि

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ मंसिर**

स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद 'भन्ने मुल नाराका साथ माछापुच्छ्रे गाउँपालिकाको आयोजनामा भएको चौथो राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको दास्रो दिन विभिन्न विदाका खेल सम्पन्न गरेको छ।

सोमबार भएको पहिलो खेल ज्यामलिङग छात्रा तर्फ प्रथम निष्पक्ष मा.वि कि मोनिका जौसी, द्धितिय उदय मा.वि कि बर्षा सुनार, तृतिय शारदा मा.वि कि सलिना सुनार साथै छात्र तर्फ प्रथम अमृत भौजाकोटी, द्धितिय माछापुच्छ्रे मा.वि का निरान परियार, तृतिय सुकलागण्डकीका अभिषेक नेपालीले जित हात पारेका छन्। ३००० मि. दौड छात्र तर्फ प्रथम शुकलागण्डकीका मनविर कार्की, द्धितिय गौरीशंकर मनिलालका देव बहादुर क्षेत्री, तृतिय महेन्द्र मा.वि का रोहित सुनार भएका छन् । छात्रा तर्फ प्रथम गौरीशंकर मनिलाल मा.वि कि विन्दु वि.क, द्धितिय माछापुच्छ्रे मा.वि कि शुष्मा कुँवर ,तृतिय उदय मा.वि की गंगा कुमाईले जितन सफल भए।



लङजम्पको फाईनलमा छात्र तर्फ प्रथम माछापुच्छ्रे मा.विका रोजित वि.क, द्धितिय महेन्द्र मा.विका अरुण परियार, तृतियमा ज्ञानज्योती इ.बो.स्कुलका एमरण थापा भएका छन् ।

छात्रा तर्फ पृथ्वीनारयण मा.वि की बिनिता वि.क, द्धितिय महेन्द्र मा.कि कुसुम नेपाली, तृतियमा गौरीशंकर मनिलाल मा.वि की दिक्षाँ दाहालले जिते छन् ।

हाईजम्प छात्रा तर्फ प्रथम सोया सुनार, ज्ञानज्योती ई.वो.स्कुल द्धितिय पुजा भुजेल, भुमेश्वर मा.वि तृतिय करुण कुमाइ ,उदय मा.वि साथै छात्र तर्फ प्रथम अमन नेपाली, महेन्द्र मा.वि द्धितिय सुजन बुढाथोकी, निष्पक्ष मा.वि र तृतिय शारदामा.विका निसान परियार भएका छन् ।

मंसिर २५ गतेदेखि सुरु भएको खेल २७ गतेसम्म महेन्द्र माध्यमिक विद्यालयको खेलमैदान लाहाचोकमा हुनेछ । सरकारले विद्यालयतहबाटनै खेलकूद प्रतिभाको खोजी गर्दै सम्वर्द्धन र प्रवर्द्धन गर्ने लक्ष्य सहित देशको संघीय संरचना अनुसार स्थानीय, प्रदेश र संघस्तरीय राष्ट्रपति रनिङ शिल्ड आयोजना गर्दै आएको छ । राष्ट्रपति रनिङ शिल्ड एक राष्ट्रिय स्तरको विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हो ।

# जबरा अनिवार्य अवकाशमा

**रासस**
**काठमाडौं, २७ मंसिर**

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको मंगलबारदेखि कार्यकाल सकिँदैछ।

विसं २०७५ पुस १८ गते उहाँले पद तथा गोपनियताको शपथ लिएर कार्यभार सम्हाल्नुभएको थियो । प्रधानन्यायाधीश भएको सुरुको अवधिमा 'न्यायालयको सुद्धीकरण' को अभियान सुरु गर्नुभएका जबरामाथि न्यायापालिकामा विचलन ल्याएकोलगायत विभिन्न आरोप लगाउँदै २०७८ फागुन १ गते प्रतिनिधिसभामा महाअभियोग दर्ता भएको थियो । महाअभियोग निष्कर्षमा पुऱ्याउन समय लगाएर आफूलाई अन्याय गरेको दाबीसहित यही मङ्सिर २० गते उहाँले संसद सचिवालयमा महाअभियोग निष्प्रभावी भएको पत्र माग गर्दै निवेदन दिनुभएको थियो। मागअनुसार संसद् सचिवालयले २१ गते पत्र दिएको थियो । संसद् सचिवालयको पत्रविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन पऱ्यो । सर्वोच्च अदालतले शुक्रबार उक्त पत्र कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । त्यसपछि जबराले अदालतमा गएर निलम्बन फुकुवा भएर कामकाज गरेर अवकाश लिने इच्छा पूरा हुनसकेन । जबरा निलम्बनमा परेपछि कायममुकायम प्रधानन्यायाधीशका रूपमा वरिष्ठतम् न्यायाधीश हरिकृष्ण कार्कीले काम गरिरहनुभएको छ । अब प्रधानन्यायाधीशको रोलक्रममा कार्की हुनुहुन्छ । प्रधानन्यायाधीश हुने योग्यता पुगेका व्यक्तिको नाम न्याय परिषद्ले संवैधानिक परिषद् मा पठाउँछ । संवैधानिक परिषद् बैठकले प्रधानन्यायाधीशका लागि संसदीय समितिमा सुनुवाइका लागि नाम सिफारिस गर्छ। संसदीय समितिको सुनुवाइबाट अनुमोदन भएपछि राष्ट्रपतिले प्रधान्यायाधीश नियुक्ति गर्ने कानुनी व्यवस्था छ।

# स्ववियु निर्वाचनको मिति घोषणा गर्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ मंसिर**

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)ले स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको मिति घोषणा गर्न माग गरेको छ।

अनेरास्ववियुले शान्तिपूर्ण र मर्यादित वातावरणमा समयमै निर्वाचन गराउन माग गर्दै उपकुलपति प्राडा धर्मकान्त बास्कोटालाई ज्ञापनपत्र बुझाएको हो।

अनेरास्ववियुका अध्यक्ष सुनिता बरालको टोलीले त्रिभुवन विश्वविद्यालयका पुगेर आज बुझाएको ज्ञापनपत्र लिदै उपकुलपति प्राडा बास्कोटाले स्ववियु निर्वाचन गराउने कार्यतालिका छिट्टै सार्वजनिक गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले निर्वाचनका लागि तयार रहन समेत आग्रह गर्दै विद्यार्थी संगठनसँगको छलफलपछि मिति तय गर्ने जानकारी गराउनुभयो।

अध्यक्ष बरालले विश्वविद्यालय स्वावियुविहीन हुँदा विद्यार्थीका नाममा अराजकता चुलिँदै गएकाले निर्वाचन छिट्टै गर्नुपर्नेमा जोड दिनुभयो।

# राष्ट्रिय...

गर्न खोजेको देखिन्छ । अर्कातर्फ, शहरिया मध्यम वर्गमा भएको छिटो छिटो परिवर्तन खोज्ने प्रवृत्तिलाई वैकल्पिक शक्तिका नाममा राष्ट्रिय पार्टीबाट अलग गराइयो । मधेशमा परम्परागत क्षेत्रीय शक्ति कमजोर हुँदा राष्ट्रिय पार्टीतर्फ आउने जनमतलाई मधेशकै नयाँ क्षेत्रीय पार्टीतर्फ नियोजित रूपमा 'डाइभर्ट गर्ने काम भयो । राष्ट्रिय पार्टीतर्फ 'डाइभर्ट' हुनुपर्ने शहरिया जनमतलाई पनि परम्परावादी र स्वच्छन्दवादी शक्तितर्फ लैजाने प्रयास भयो। त्यसैले गर्दा नेपालमा बलियो राष्ट्रिय शक्ति निर्माणको ऐतिहासिक आवश्यकता पूरा भएन।

'मतदातालाई राष्ट्रिय पार्टीबाट अलग पार्ने प्रयास भयो, जहाँ राज्यको साधनस्रोत सबैभन्दा बढी लगानी भएको छ। राप्रपा र रास्वपाले बढी मत महानगर र उपमहानगरबाटै पाएका छन्। महानगर-उपमहानगरमै राज्यका साधनस्रोत अधिकतम गएका छन् । सामाजिक विकास र पूर्वाधार निर्माणका काम त्यहीं भएका छन्, रोजगारीका अवसर पनि त्यहीं छन् । तिनै ठाउँमा राष्ट्रिय पार्टी अलग हुन खोज्नुको अर्थ समन्यायिक विकासको पैरवी नै होइन । समन्यायिक विकासको पैरवी हुन्थ्यो भने त हामीलाई पुग्यो, ग्रामीण क्षेत्रको विकास गर भन्ने कुरा आउनुपर्थ्यो।'

जहाँ आर्थिक-सामाजिक विकासका पूर्वाधार तयार भएका छन्, त्यही ठाउँमा रास्वपा र परम्परावादी शक्ति देखा परे। ती ठाउँमै मुलुकको समृद्धिलाई नेतृत्व गर्ने पार्टीलाई कमजोर पार्ने प्रयास भए । नेपाली जनताको सार्वभौमिकताको प्रतिनिधित्व गर्ने वास्तविक धरातल भनेको ग्रामीण क्षेत्रसहितको नेपाल हो । त्यसलाई बलियो हुन नदिने प्रवृत्तिका रूपमा जुन प्रकारको जनमत प्रकट भएको छ, त्यो राष्ट्रिय शक्ति बन्नका लागि अवरोध सिर्जना गर्ने प्रवृत्तिका रूपमा देखा परेको हो । बलियो राष्ट्रिय शक्ति बन्न नदिनेहरूले सामाजिक अराजकताको बढी उपयोग गरे । त्यसमा बाह्य तत्वको पनि एक हदसम्म भूमिका देखिने गर्छ। यो नेपाली राजनीतिको चुनौती हो । त्यसरी हेर्दा शहरिया मध्यम वर्गको प्रवृत्ति समाधानमुखी छैन, प्रतिक्रियात्मक छ । प्रतिक्रियात्मक मनोविज्ञान राष्ट्रको समस्या समाधानका लागि उचित होइन। अर्कातर्फ, गठबन्धन आफैंमा वैचारिक राजनीतिक हिसाबले अन्योलग्रस्त छ। त्यसले मुलुकलाई दिशानिर्देश गर्न सक्दैन भन्ने कुरा त स्पष्टै छ। उनीहरू चुनावमा जाँदा दुई तिहाइको अवस्थामा थिए, फर्किंदा बहुमत पनि गुमाएको अवस्था छ । गठबन्धनलाई पनि 'म्याडेन्ट' प्राप्त भएन।

# डेभिज फल्स (पातले छाँगो) अवलोकन गर्ने पर्यटक बढे

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ मंसिर**

हिमाली दृश्य, गुफा, तालतलैया, सांस्कृतिक र प्राकृतिक सम्पदाले पोखरा स्वदेशी विदेशी पर्यटकका लागि आकर्षक पर्यटकीय गन्तव्य मानिन्छ । पोखरा पुग्नेहरूलाई सुन्दर र आकर्षक लाग्ने ठाउँ हो फेवातालको निकासको रूपमा रहेको पाताले छाँगो । पोखरा-१७ को छोरेपाटनमा रहेको यस छाँगोले पर्यटकलाई सधै लोभ्याइरहेको छ । जमिनको सतहभन्दा तल गुप्तेश्वर गुफातर्फ झर्ने यो झरना बर्खायाममा ठूलो र आकर्षक देखिन्छ।

पर्यटकलाई लोभ्याउने पाताले छाँगोलाई 'डेभिज फल्स' भनेरसमेत चिनिन्छ। कोभिडका कारण दुई वर्षदेखि छाँगो अवलोकन गर्नेको कमी आएपनि दसैंपछि पर्यटकको सङ्ख्या ह्वात्तै बढेको छ । अहिले अधिकांश भारतीय पर्यटक र शैक्षिक भ्रमणमा आउने विद्यार्थीहरू बढी हुने गरेको जानकारी पातले छाँगोस्थित टिकट काउन्टरका प्रमुख सुरेन्द्र सापकोटाले दिनुभयो। सबै देशका गरी यतिबेला दैनिक तीनदेखि तीन हजार पाँच सयको सङ्ख्यामा छाँगो अवलोकन गर्न आउने पर्यटकको तथ्याङ्क पनि सापकोटाले दिनुभयो । दसैं अघि दैनिक हजारको सङ्ख्यामा अवलोकन गर्न पर्यटक आउथे।

सोमबार दिउँसो पातले छाँगो अवलोकन गर्न पुग्नुभएकी भारत विहार प्रदेश निवासी पुनम कुमारीले भन्नुभयो, "पातले छाँगो निकै सुन्दर लाग्यो, यहाँका फेवा ताल, गुप्तेश्वर र महेन्द्र गुफा, म्युजियमलगायत अन्य ठाउँ सुन्दर छन्।"

स्पेनबाट आएका दुई पर्यटक पातले छाँगो अवलोकनपछि भन्दै थिए, यस्ता प्राकृतिक झरनाले



हाम्रो मन निकै लोभ्यायो। सहर नजिकै फेवाताल, डेभिज फल्स, बेगनास, माछापुच्छ्रे हिमाल जस्ता प्राकृतिक सम्पदा देख्न पाउँदा आनन्दित भएको उनीहरू बताउँछन् । पातले छाँगो अवलोकन गरेबापत प्रवेश शुल्कबाट वार्षिक रु दुई करोड बढी आम्दानी हुन्छ । छाँगो सञ्चालन र संरक्षणको जिम्मा स्थानीय छोरेपाटन माविले लिएको छ । उक्त शुल्कबापत हुने आम्दानी निजी स्रोतबाट राखिएका ७० शिक्षकको तलब र छाँगोमा परिचालित कर्मचारीको तलबका साथै बाँकी रकम त्यहीको संरचना निर्माणमा खर्च गर्ने गरेको उक्त विद्यालयका प्रधानाध्यापक डिल्लीराम शर्माले बताउनुभयो।

प्रधानाध्यापक शर्माका अनुसार विद्यालयमा दुई हजार तीन सय विद्यार्थी छन्। त्यहाँ सरकार ।स्तरबाट २५ शिक्षक दरबन्दी छन्। निजीस्तरबाट ७० शिक्षक तथा कर्मचारी रहेका हुँदा शुल्कबाट उठेको रकम अधिकांश तलब भत्तामा नै खर्च हुने गर्छ। २०३५ सालदेखि विद्यालयले पाताले छाँगो अवलोकन गर्ने पर्यटकबाट प्रवेश शुल्क उठाउँदै आएको हो। आम्दानीको ४० प्रतिशत पाताले छाँगो व्यवस्थापन र बाँकी ६० प्रतिशत विद्यालयको शैक्षिक भौतिक विकासका लागि खर्च गरिने जानकारी शर्माले दिनुभयो।

यहाँको पर्यटकहरू सेल्फी खिच्दै छाँगोबाट आइरहेको पानीको शीतलतामा रमाइरहेको यहाँ पुग्ने जोकोहीले सजिलै हेर्न सकिन्छ। डेभी नाम गरेकी एक स्विस पर्यटक सन् १९६१ यस झरनाबाट खसेर बेपत्ता भएको हुनाले यस झरनाको नाम डेभिज फल्स रहन गएको हो । पाँच सय मिटर भूमिगत जल प्रवाह र सय फिट गहिराइ रहेको छाँगोमा निरन्तर जल प्रवाह भइरहन्छ भने जेठदेखि असोज महिना छाँगो हेर्न आकर्षक मानिन्छ । छाँगो वरिपरिका फूलका बगैंचा, परम्परागत घर, हिमालका कृत्तिम दृश्य, बुद्धका मूर्ति र विभिन्न जनजातिका पोसाकसहितका तस्बिर खिच्ने ठाउँहरूले पनि पर्यटकलाई लोभ्याएको पाइन्छ। करिब १२ रोपनी क्षेत्रफलमा रहेको यस पर्यटकीयस्थलमा आन्तरिक र भारतीय पर्यटकको चाप हुने गरेको छ। अवलोकनका लागि टिकट दर प्रतिविद्यार्थी रु २०, नेपाली रु ४० र विदेशीलाई रु ८० र तेस्रो मुलुकका विदेशीका लागि रु सय तोकिएको छ।

# स्वास्थ्य...

भनाइ थियो। अझै पनि ग्रामीण क्षेत्रमा स्तरीय स्वास्थ्योपचारको व्यवस्था मिलाउन दक्ष जनशक्ति तथा उचित पूर्वाधारको न्यूनताका कारण कठिनाइ भइरहेको बताउँदै उहाँले यस परिप्रेक्ष्यमा मुलुकका लागि आवश्यक दक्ष तथा सामाजिक उत्तरदायित्वको भावनाबाट अभिप्रेरित चिकित्सक, नर्स, प्रयोगशालाविद् लगायतका स्वास्थ्यकर्मीहरू उत्पादन गरी स्वास्थ्य सेवाको पहुँच ग्रामीण स्तरसम्म विस्तार गर्दै जानुपर्ने खाँचो रहेको उल्लेख गर्नुभयो।

निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाहरू अत्यधिक महँगो भएकाले त्यसमा आम जनताको सहज पहुँच स्थापित हुन सकेको नसकेको बताउँदै प्रधानमन्त्री देउवाले सरकारी र सामुदायिक स्तरमा स्वास्थ्य केन्द्र तथा अस्पतालहरूको विकास गरी त्यहाँबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुने व्यवस्था मिलाउनु राज्यको प्राथमिक दायित्वको विषय भएको उल्लेख गर्नुभयो । स्वास्थ्य सेवामा नागरिकको सहज र सर्वसुलभ पहुँच स्थापित गर्न सबैले मिलेर कार्य गर्न आवश्यक रहेको उहाँको भनाइ थियो।

प्रधानमन्त्री देउवाले सुलभ र गुणस्तरयुक्त चिकित्सा शिक्षा तथा स्वास्थ्य सेवा प्रवाह गरी आर्जित आयबाट आत्मनिर्भर संस्थाको रूपमा सञ्चालनमा रहेको यस प्रतिष्ठानको भौतिक पूर्वाधार विकासको लागि स्वीकृत गुरुयोजना अनुरूप काम अघि बढाउन सरकारका सम्बन्धित निकायहरूबाट आवश्यक सहयोग उपलब्ध हुने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । - लक्ष्मीप्रसाद देवकोटा

**सम्पादकीय**

# बढ्दो सवारी दुर्घटना

काभ्रेको बेथानचोकमा बस दुर्घटना हुँदा कम्तीमा १८ जनाको मृत्यु भएको छ । बेथानचोकमा भान्जाको व्रतबन्धमा सामेल भएर पनौती फर्कने क्रममा बा ३ ख ४३८५ नम्बरको बस दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय काभ्रेका डिएसपी ढुंडीराज न्यौपानेले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रमुख प्रहरी उपरीक्षक चक्रराज जोशीका अनुसार ३ जनाको घटनास्थलमा र १४ जनाको अस्पताल लैजाने क्रममा मृत्यु भएको थियो । घाइतेहरूलाई उद्धार गरी उपचारका लागि अस्पताल लगिएको प्रहरीले जनाएको छ।

काभ्रेका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवारले व्रतबन्धबाट रिजर्भ गरेर पनौती फर्किने क्रममा अनियन्त्रित भई पल्टिएको अनुमान गरेका छन । बस तीव्र गतिमा रहेकाले बस मोडको भित्तामा ठोक्किएपछि सडकबाट केही तल खसेर दुर्घटना ग्रस्त भएको प्रत्यक्षदर्शीले बताएका छन् । तीव्र गतिका कारण बस सडकमा नै पल्टिएको हुनसक्ने सहायक प्रजिअको भनाई छ । मृतकको संख्या यकिन भइ सकेको छैन । घटनास्थलबाट नेपाल प्रहरी र नेपाली सेनाको टोलीले डोजर समेत प्रयोग गरी उद्धार कार्य जारी राखेको छ।दुर्घटना के कारणले भयो एकिन नभएको काभ्रेका प्रजिअ हुमकला पाण्डेको भनाइ छ ।

गृहमन्त्री बालकृष्ण खाणले दुर्घटनाका घाइतेहरुलाईरूलाई तत्काल उद्धार गरी उपचारका लागि अस्पतालसम्म पुऱ्याउने व्यवस्था गर्न गृह प्रशासन, काभ्रेका प्रमुख जिल्ला अधिकारी पाण्डे र जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक चक्रराज जोशीलाई निर्देशन दिएका छन् । गृहमन्त्री खाणले गृहसचिव विनोदप्रकाश सिंहलाई उपचारका दुर्घटनाका घाइतेको उपचारका लागि जिल्लाको स्रोत र साधनले नपुग्ने भए मन्त्रालयबाट तत्काल व्यवस्था गर्न निर्देशन दिएको बताइएको छ । दुई दिन अघि जाजरकोटमा पनि जन्ती बस दुर्घटना भएको थियो ।

दिनहुँजसो बस दुर्घटनामा निर्दोषलेज्यान गुमाउने गरेका छन । दुर्घटनामा ज्यान गुमाउने परिवारका पीडितहरूको अवस्था झन दर्दनाक छ।घाइतेहरूको उद्दार र उपचार चाँडो हुन नसक्दा अकालमा ज्यान गुमाउनुपरेको छ । सवारी दुर्घटनाको कारण खोजेर कसरी न्युनीकरण गर्न सकिन्छ भनेर सोच्ने बेला आएको छ।सरकारले नागरिकको जिउ धनको सुरक्षासम्बन्धी चासो नदिएकाले दुर्घटनामा कमि आउनुको साटो बढेर गएको छ । यसमा सबैको चासो र चिन्ता लिएर दुर्घटना हुन नदिने परिस्थिति बनाउन जरुरी छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ओझेलमा बागलुङको 'खिउ बराह' ताल

**रासस**
**बागलुङ, २७ मंसिर**

बागलुङको ताराखोला गाउँपालिका-३ हिलको शिरमा खिउ बराह ताल प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ ।

करिब तीन हजार एक सय मिटरको उचाइमा रहेको यो तालबाट कैयन हिमाल देख्न सकिन्छ । तर पदमार्ग र मोटरबाटोको पहुँच नहुँदा ताल ओझेलमा परेको हो । पर्यटकीय दृष्टिकोणले सम्भावना बोकेको भए पनि पूर्वाधार निर्माण र प्रचारप्रसार नहुँदा पर्यटक पुग्न नसकेका स्थानीय कृष्ण अठारे मगरको भनाइ छ । "तालसम्म पुग्नका लागि सडकको पहुँच वा पदमार्ग निर्माण हुन सकेको छैन", उहाँले भन्नुभयो, "तालसम्म पहुँचका लागि पूर्वाधार निर्माण हुने हो भने पर्यटकीय गतिविधि बढ्ने थियो ।"

स्थानीय नीरज बगालेले यतिबेला आफूहरू यतिबेला ताल संरक्षण र प्रचारप्रसारमा जुटेको बताउनुभयो । उहाँले स्थानीयहरू ताल छेउछाउ कहिलेकाहीँ वनभोजका लागि जाने गरे पनि बाहिरबाट आउने पर्यटकहरू नभएको बताउनुभयो । गाउँपालिकाले गत आर्थिक वर्षमा ताल संरक्षणका लागि रु चार लाख बजेट विनियोजन गरेको थियो भने यसवर्ष प्रदेश सरकारले सहयोग गरेको उहाँले जानकारी दिनुभयो । "स्थानीय, प्रदेश र सङ्घबाट आवश्यक बजेट विनियोजन गरी ताल संरक्षण र संरचना निर्माणमा लाग्ने हो भने पर्यटकको सङ्ख्या बढाउन सकिन्छ", उहाँले भन्नुभयो । ताल संरक्षण तथा विकास प्राधिकरण गण्डकी प्रदेशले पनि यसका लागि पहल सुरु गरेको छ । यसवर्ष प्रदेश सरकारले विनियोजन गरेको रु १० लाख बजेटबाट ताल मर्मत सम्भार गरिने ताल संरक्षण तथा विकास प्राधिकरणका कार्यक्रम अधिकृत रणबहादुर विकले जानकारी दिनुभयो । "बागलुङका तीन वटा ताल यसवर्ष संरक्षण र मर्मत सम्भार हुँदैछन्", उहाँले भन्नुभयो, "ताराखोलाको खिउ बराह, ढोरपाटनको रुद्र र तामानखोलाको बराह तालमा काम भइरहेको छ ।" ताराखोला गाउँपालिकाका उपाध्यक्ष भीमबहादुर रोकाले ताराखोला गाउँपालिकामा भएका तालतलैया र धार्मिकस्थलको प्रवर्द्धनका लागि नीति बनाएर अघि बढाउने बताउनुभयो ।

"हाम्रो पालिका अन्तर्गत धेरै पर्यटकीयस्थल छन्, केही स्थलमा पूर्वाधार निर्माण भइसकेका छन् भने अझै केहीमा काम हुन बाँकी छ, खिउ बराह तालको विकासलाई मुख्य प्राथमितामा राखेर काम गर्नेछौँ," उहाँले भन्नुभयो ।

उहाँले पर्यटन क्षेत्रको विकास गरी स्थानीयको आयआर्जन बढाउने र जीवनस्तरमा उकास्ने गरी योजना बनाएको दाबी गर्नुभयो । खिउ बराह तालबाट धौलागिरि, माछापुछ्रे, अन्नपूर्णलगायत दर्जनौँ हिमश्रृङ्खलासँगै बागलुङका विभिन्न स्थान र म्याग्दी, गल्मी, अर्घाखाँची लगायतका जिल्ला देख्न सकिन्छ ।

# हस्तकला मेला सम्पन्न : १० करोडको कारोबार

**रासस**
**काठमाडौं, २७ मंसिर**

नेपाल हस्तकला महासङ्घद्वारा आयोजित १९ औँ हस्तकला व्यापारमेला तथा १७ औँ हस्तकला प्रतियोगिता आज सम्पन्न भएको छ ।

पाँच दिनसम्म सञ्चालन भएको मेलामा करिब ५० हजारले अवलोकन गरेका छन् । मेलामा बिक्री तथा बुकिङसमेत गरी कूल रु १० करोड बराबरको हस्तकलाजन्य सामग्रीको कारोबार भएको मेला आयोजक समितिका संयोजक तथा महासङ्घ उपाध्यक्ष दिल्लीरत्न तुलाधरले जानकारी दिनुभयो । गत शुक्रबार राष्ट्रपति विद्यादेवी भण्डारीले मेला समुद्घाटन गर्नुभएको थियो । आज उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले मेला अवलोकन गर्दै हस्तकला क्षेत्रमा योगदान पुऱ्याउने विभिन्न विशिष्ट व्यक्तित्वसहित हस्तकला प्रतियोगितामा पुरस्कृत कलाकारलाई सम्मान र पुरस्कार प्रदान गर्नुभयो । मन्त्री बडूले सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत उत्पादनमा वृद्धि, मुलुक विकास र समृद्धि विशेष अभियान सञ्चालन गरिरहेको उल्लेख गर्दै हस्तकला क्षेत्र यसको लक्ष्य प्राप्तिको माध्यम भएको धारणा राख्नुभयो । उहाँले हस्तकला क्षेत्रका समस्या सम्बोधन गर्न सरकार तयार रहेको उल्लेख गर्दै व्यवसायीसँग सरकारी लक्ष्य प्राप्तीमा हातेमालो गर्न आग्रह पनि गर्नुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठ, वाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे, वागमती प्रदेशका पर्यटनमन्त्री दीपेन्द्र श्रेष्ठलगायत नेपाल सरकार र प्रदेश सरकारका विशिष्ठ व्यक्तिहरूले मेलाको अवलोकन गर्दै कलाकारको हौसला बढाउनुभएको महासङ्घले जनाएको छ । मेलामा १० ज्येष्ठ कलाकारलाई औषद्योउपचार खर्चसहित सम्मान गरिएको थियो भने महासङ्घको स्थापनाकालदेखि हालसम्म बहालवाला ज्येष्ठ ५० जना सदस्यलाई पनि सम्मान गरिएको थियो ।

**रेष्टुरेण्ट बिक्रीमा**

पोमनपा वडा नं. १६ दिप मणिपाल कलेज अफ मेडिकल साईन्सको ठिक गेट अगाडि पट्टि अत्यन्त चालु अवस्थामा रहेको रेष्टुरेण्ट विशेष कारणवस्तु: बिक्रीमा छ ।
सम्पर्कः
९८४७१००५४३
९८१९१५२७४०

# स्वास्थ्य एकाइ स्थापना गर्न रु ३५ लाख सङ्कलन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ मंसिर**

म्याग्दीको मङ्गला गाउँपालिका-१ पूर्णगाउँमा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गर्न रु ३५ लाखभन्दा बढी आर्थिक सहयोग जुटेको छ ।

यसका लागि यही मङ्सिर १५ देखि २२ गतेसम्म श्रीमद् भागवत धनधान्याञ्चल महायज्ञ आयोजना गरिएको थियो । महायज्ञ आयोजक समितिका प्रचार-प्रसार संयोजक खगेन्द्र खत्रीले सोमबार आम्दानी विवरण सार्वजनिक गर्नुभएको हो । "रु ३५ लाख ५९ हजार छ सय सहयोग घोषणा भएको छ", उहाँले भन्नुभयो, "घोषणा भएको मध्ये रु ३१ लाख नगद प्राप्त भइसक्यो ।" ४४ मुरी धान र छ मुरी जौँ सङ्कलन भएको छ । सामान्य बिरामी हुँदा आधार भूत स्वास्थ्य सेवा लिनसमेत घण्टौँ पैदलयात्रा गर्नुपर्ने बाध्यता भएपछि समुदायले आफैँ लगानी जुटाउन पूर्णगाउँको शिवालय र लक्ष्मीनारायण मन्दिर परिसरमा महायज्ञ सञ्चालन गरिएको थियो । महायज्ञमा देवराज सुवेदीले कथावाचन गर्नुभएको थियो । महायज्ञका कार्यालय सचिव नीलकण्ठ सुवेदीले यज्ञबाट सङ्कलन भएको ३० प्रतिशत रकम शिवालय मन्दिर सञ्चालनका लागि कोष खडा गर्ने र ७० प्रतिशत रकमलाई सामुदायिक स्वास्थ्य एकाइ स्थापनार्थ परिचालन गरिने जानकारी दिनुभयो । पूर्णगाउँमा दुई सयभन्दा बढी घरधुरीको बसोबास छ । यो वडाको स्वास्थ्यचौकी कुहुँमा छ । पूर्णगाउँबाट कुहुँ पुग्न एक घण्टा पैदलयात्रा गर्नुपर्छ । स्वास्थ्य संस्था टाढा हुँदा औषधोपचारमा समस्या भएकाले सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन गर्न लागिएको महायज्ञ आयोजक समितिका अध्यक्ष दुर्गादत्त आचार्यले बताउनुभयो ।

# यसवर्ष हिउँदमा अधिकतम् तापक्रम् सरदर भन्दा बढी हुने

**रासस**
**काठमाडौं, २७ मंसिर**

यस वर्षको हिउँदमा देशभर अधिकतम् तापक्रम् सरदर भन्दा बढी हुने र देशका अधिकांश स्थानमा सरदर भन्दा कम वर्षा हुने सम्भावना छ । सामान्यतया सरदर वर्षा/सरदर तापक्रम भन्नाले कुनै पनि स्थानको लामो समय (१९९१ देखि २०२०) को ३३.३ देखि ६६.६ प्रतिशतको वर्षा/तापक्रमलाई जनाउँदछ ।

यसैगरी सरदर भन्दा कम वर्षा/तापक्रम भन्नाले क्रमशः ३३.३ प्रतिशत भन्दा कम र बढी भन्नाले ६६.६ प्रतिशत भन्दा बढीको वर्षा/तापक्रमलाई जनाउँदछ । जल तथा मौसम विज्ञान विभागका अनुसार सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेशको रुकुम-पश्चिम, रोल्पा, प्यूठान बाहेकका जिल्ला, गण्डकी प्रदेशका लमजुङ, स्याङ्जा, तनहुँ, गोरखालगायतका मध्य तथा पूर्वी जिल्ला, वाग्मती प्रदेशको दोलखा र प्रदेश नं १ का ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु लगायतका उत्तरी जिल्लामा न्यूनतम् तापक्रम सरदर हुने र बाँकी भू-भागमा सरदर भन्दा बढी तापक्रम हुने सम्भावना रहेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको उक्त विभागले हिउँद अवधि (मङ्सिर १५ देखि फागुन १६ गते) को वर्षा तथा तापक्रमको आँकलन सार्वजनिक गरेको विभागका वरिष्ठ मौसमविद् इन्दिरा कँडेलले जानकारी दिनुभयो ।

वर्षाको आकलन

विभागका अनुसार हिउँदमा देशका अधिकांश स्थानमा सरदर भन्दा कम वर्षा हुने सम्भावना छ । प्रदेश नं १ का ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, झापा, मोरङ, सुनसरीलगायतका पूर्वी तथा तराईका जिल्ला, मधेश प्रदेशका पर्सा, बारा, रौतहटलगायतका पश्चिमी भू-भाग, वाग्मती प्रदेशका काभ्रेपलाञ्चोक, काठमाडौँ, ललितपुर, भक्तपुर, नुवाकोट, मकवानपुर लगायतका जिल्ला, गण्डकी प्रदेशका कास्की, स्याङ्जा, पर्वतलगायतकामध्य तथा दक्षिणी जिल्ला, लुम्बिनी प्रदेशका अधिकांश जिल्ला र सुदूरपश्चिम प्रदेशका दार्चुला, बैतडी, डडेलधुरा, डोटी, कञ्चनपुर र कैलाली लगायतका जिल्लामा सरदर भन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ । यसैगरी सुदूरपश्चिम प्रदेशका बझाङ र बाजुरा जिल्ला तथा कर्णाली प्रदेशका हुम्ला, मुगु र डोल्पाको उत्तर-पश्चिमी भू-भाग बाहेक देशका अन्य बाँकी भू-भागमा सरदर भन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ ।

अधिकतम् तापक्रमको आकलन

यसैगरी यस हिउँदमा देशभर अधिकतम् तापक्रम सरदर भन्दा बढी हुने सम्भावना रहेको वरिष्ठ मौसमविद् कँडेलले बताउनुभयो । कर्णाली प्रदेशको हुम्ला र मुगुका पश्चिमी भू-भाग र सुदूपश्चिम प्रदेशका बाजुरा जिल्लामा अधिकतम तापक्रम सरदर भन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशतसम्म रहेको विभागको तथ्याङ्क छ ।

प्रदेश नं १ का सोलुखुम्बु तथा इलाम, झापा, मोरङ र सुनसरी लगायतका दक्षिणी जिल्ला, वाग्मती प्रदेशका काभ्रेपलाञ्चोक, काठमाडौँ, ललितपुर, भक्तपुर, नुवाकोट, मकवानपुर, चितवन लगायतका मध्य तथा दक्षिण-पश्चिम जिल्ला, मधेश प्रदेशको पर्सा र सप्तरी, गण्डकी प्रदेशका उत्तर-पुर्वी जिल्ला बाहेकका अधिकांश जिल्ला, लुम्बिनी प्रदेशका अधिकांश भू-भाग र कर्णाली प्रदेशका पूर्वी तथा उत्तरी भू-भागमा अधिकतम तापक्रम सरदर भन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ । बाँकी भू-भागमा अधिकतम् तापक्रम सरदर भन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ ।

न्यूनतम तापक्रमको आकलन

यसैगरी सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेशको रुकुम-पश्चिम, रोल्पा, प्यूठान बाहेकका जिल्ला, गण्डकी प्रदेशका लमजुङ, स्याङ्जा, तनहुँ, गोरखा लगायतकामध्य तथा पूर्वी जिल्ला, वाग्मती प्रदेशको दोलखा र प्रदेश नं १ का ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बुलगायताका उत्तरी जिल्लामा न्यूनतम् तापक्रम सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ । बाँकी भू-भागमा सरदर भन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ ।

आकलनको आधार

विभागले यस आकलन विश्व मौसम सङ्गठनको विश्वभर क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रको हावापानी प्रारुपको आकलन, जल तथा मौसम विज्ञान विभागको हावापानी आकलन गर्ने प्रविधि र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चको आकलनको आधारमा तयार गरेको हो । साथै नेपालको हिउँद अवधिको जलवायुमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने 'एन्सो' तथा हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय प्रणालीको हालको अवस्था तथा जलवायु प्रारुपहरूको हिउँद अवधिको आकलन र अन्तरऋतु परिवर्तनशीलताका कारकलाईसमेत मध्यनजर गरी तयार गरिएको छ ।

हाल प्रशान्त महासागरमा 'लानिना' अवस्था रहेको देखिएको छ र आगामी हिउँद अवधिमा पनि लालिना कायम रहने आकलन गरिएको छ । त्यसैगरी हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय सामुद्रिक तापक्रम सूचक हाल तटस्थ रहेको र हिउँद अवधिभर तटस्थ नै रहने आकलन गरिएको छ ।

# गाईगोरु पाल्नेलाई अनुदान

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ मंसिर**

म्याग्दीको जलजला गाउँपालिकाले गाईगोरु पाल्नेलाई अनुदान दिने भएको छ । पालिकाले स्थानीय गाई/गोरु संरक्षण कार्यक्रम अन्तर्गत किसानलाई अनुदान दिएर संरक्षणको पहल सुरु गरेको हो ।

धार्मिक, सांस्कृतिक, जैविक र पर्यावरणीय महत्व बोकेका स्थानीय जातका गाई र गोरु पाल्ने किसानलाई अनुदान दिने लागिएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । स्थानीय गाई/गोरु संरक्षण कार्यक्रममार्फत् अनुदान वितरणका लागि प्रस्ताव आह्वान गरिसकिएको उहाँको भनाइ छ । आधुनिक र व्यावसायिक पशुपालन तथा कृषि प्रवर्द्धनका साथसाथै स्थानीय जातका पशुको आनुवांशिक स्रोत संरक्षण गर्न गाईगोरु पाल्ने किसानलाई अनुदान दिन लागिएको हो ।

आर्थिक वर्ष २०७९/८० मा चार सयवटा गाईगोरुका लागि रु चार लाख अनुदान दिन लागिएको गाउँपालिकाले जनाएको छ । अनुदानका लागि आवेदन दिने किसानले गाईगोरुको बीमा अनिवार्य गर्नुपर्ने हुन्छ । जलजला-७ धाइरिङमा समुदायस्तरबाट गौशाला सञ्चालन गरेर स्थानीय जातको गाई पालिएको छ ।

गाउँपालिकाले चालु आवमा दूध सङ्कलन गर्ने ११ वटा समूह र सहकारीका लागि आवश्यक सामग्री उपलब्ध गराउन रु १५ लाख बजेट विनियोजन गरेको थियो भने गत आवमा स्थापना भएको गाईभैँसी पकेट विकास कार्यक्रमको निरन्तरताका लागि रु १२ लाख र नयाँ पकेट स्थापना गर्न रु २५ लाख बजेट विनियोजन गरेको छ ।

दूध सङ्कलन केन्द्र तथा सामग्री स्थापना कार्यक्रमका लागि समूह सहकारीबाट आवेदन माग गरिएको पशु सेवा शाखाका प्रमुख दीपक श्रेष्ठले बताउनुभयो । यसअघिका वर्षमा गाउँपालिकाले कृत्रिम गर्भाधानबाट जन्मिएका गाईको बाच्छाबाच्छी र भैँसीका पाडापाडी हुर्काउने कृषकलाई पशुको सुत्केरी भत्ता, गोठ र बाख्राको खोर सुधारमा अनुदान दिएको थियो ।

